मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
पर्सा, विरगंज

फोन नं. ०५१-५२१८७९
इमेल: agriscienceparsa@gmail.com

सूचना! सूचना!! सूचना!!!

मुल्य श्रृंखलामा आधारित दुई बाली धान उत्पादन आयोजना कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०७/१७

कृषि ज्ञान केन्द्र, पर्साको चालु आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मूल्य श्रंखलामा आधारित दुई बाली धान उत्पादन आयोजषण कार्यक्रम रहेको हुंदा सो कार्यक्रम सञ्चालन गर्न ईच्छुक लाभग्राहीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र अर्थात (२०८३।०८।१६ गते) सम्म परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक कागजातहरु

१. निवेदन पत्र (आवेदन फारम तोकिएको ढाँचामा भरिएको निवेदन।

२. नागरिकताको प्रतिलिपिः निवेदकको प्रमाणित प्रतिलिपि।

३. कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्योगको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व.२०८२/०८३ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, स्थाई लेखा प्रमाण पत्रको प्रतिलिपि, सम्वन्धित कृषक समूह/कृषि सहकारीको कार्यक्रम माग सम्वन्धित निर्णय स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

४. कृषक समुह /कृषि सहकारीको हकमा प्रस्ताव पेश गर्न जिम्मेवारी दिइ खटाइएका पदाधिकारीको अख्तियारी पत्र तथा नागरिकता प्रमाण पत्रको फोटोकपी स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ।

५. सम्वन्धीत वडा कार्यालय वा स्थानीय तह वा कृषि शाखाको सिफारिस पत्र ।

६. स्थानिय तहको हकमा कार्यापलिकाको निर्णय, बजेटको स्रोत सुनिश्चितता तथा क्लस्टरमा खेति गरिने जग्गाको एकिनको प्रतिबद्धता ।

७. दुई बाली धान खेती सञ्चालन हुने गरि एक उत्पादन क्षेत्र भित्र एक वा एक भन्दा बढी लाभग्राहीहरूको एकल वा संयुक्त रूपमा कम्तिमा ३० बिघा क्षेत्रफलमा कार्यक्रम संचालन हुने गरि जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि,

८. सचालन हुने कार्यक्रमहरू:

- कृषक/संयुक्त कृषक/उद्यमी/ कृषक समुह/ कृषि सहकारी/कृषि उद्योग/स्थानिय तहको हकमा तल उल्लेखित सम्पर्ण कार्यक्रममा अबेदन दिन सक्नेछन।

क.स.	कार्यक्रम
१.	मूल्य श्रृंखलामा आधारित दुई बाली धान उत्पादन आयोजना अन्तर्गत चैते धान बीउमा अनुदान
२.	मूल्य श्रृंखलामा आधारित दुई बाली धान उत्पादन आयोजना अन्तर्गत मसिनो तथा वास्नादार वीउमा अनुदान
३.	मूल्य श्रृंखलामा आधारित दुई वाली धान उत्पादन आयोजना अन्तर्गत सौर्य सिचाई प्रणालीमा सहयोग (९०% अनुदान।
४.	मूल्य श्रृंखलामा आधारित दुई वाली धान उत्पादन आयोजना अन्तर्गत भूमिगत सिंचाई
५.	चैते धान खेतिको लागि क्षेत्रफल विस्तारको लागि प्रोत्साहान कार्यक्रम
६.	मूल्य श्रृंखलामा आधारित दुई वाली धान उत्पादन आयोजना अन्तर्गत Custom Hiring Centre स्थापना
७.	मूल्य श्रखतामा आधारित दुई बाली धान उत्पादन आयोजनाको लागि भण्डार (गोदाम) घर निर्माण तथा ड्रायर जडान

९. अन्य क्रियाकलापहरु मधेश प्रदेशको मूल्य श्रृंखलामा आधारित दुई बाली धान उत्पादन आयोजना कार्यक्रम सञ्चालनको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३ बमोजिम हुनेछ तथा अधिकतम् अनुदान प्रतिशत मधेश प्रदेशको कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संसोधन २०७७) मा व्यवस्था भए बमोजिम हुनेछ।

थप विस्तुत जानकारीको लागि कृषि ज्ञान केन्द्र पर्सा, बाली संरक्षण अधिकृत(सातौं) श्री उमेश थापा (९८५५०७८७३०) लाई कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।साथै यस कार्यालयको वेवसाइट parsa.akc.gov.np भिजिट गर्न सकिन्छ ।

राम जीवन ठाकुर
प्रमुख